जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २७७ पृष्ठः ४ | २०८२ फाल्गुन १५ शुक्रबार (Friday 27 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## जाली नोट पहिचानसम्बन्धी सचेतना कार्यक्रम



सिरहा, १४ फाल्गुन। जाली नोटको ओसारपसार नियन्त्रण तथा आमनागरिकलाई सचेत गराउने उद्देश्यले सिरहामा 'जाली नोट पहिचानसम्बन्धी सचेतना कार्यक्रम' गरिएको छ। नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयको आयोजनामा आज जिल्ला सदरमुकाममा आयोजित कार्यक्रममा नेपाल प्रहरी, विभिन्न संघ-संस्था, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, व्यवसायी तथा स्थानीयवासीको सहभागिता रहेको थियो।

कार्यक्रममा राष्ट्र बैङ्क, जनकपुर कार्यालयका निर्देशक डिलाराम सुवेदीले जाली नोटको पहिचान गर्ने तरिका, बजारमा देखिएका पछिल्ला प्रवृत्ति तथा जाली नोट नियन्त्रणका कानुनी व्यवस्थाबारे जानकारी गराउनुभयो। उहाँले पछिल्लो समय सीमावर्ती क्षेत्र हुँदै जाली नोट भित्र्याउने प्रयास बढ्दो देखिएकाले सचेतना कार्यक्रमलाई अभियानकै रूपमा अगाडि बढाइएको बताउनुभयो। "नक्कली नोटको प्रयोग कानुनी अपराध हो। शंका लागेमा तुरुन्तै नजिकको प्रहरी कार्यालयमा जानकारी गराउनुपर्छ", सुवेदीले भन्नुभयो

बैंकका सहायक निर्देशक सुरेन्द्रकुमार साहले कार्यपत्र प्रस्तुत गर्दै नेपाली रुपैयाँ ५०० र एक हजार दरका नोटमा रहेका सुरक्षा विशेषताबारे जानकारी दिनुभयो। उहाँले सुरक्षा धागो, वाटरमार्क, इम्बोस प्रिन्ट, सिरियल नम्बर तथा कागजको गुणस्तर जाँच्ने तरिकाबारे व्यवहारिक अभ्यास गर्दै वास्तविक र जाली नोटबीचको सूक्ष्म भिन्नता छुट्याउनेबारे जानकारी गराउनुभयो। सहभागी बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूले प्रविधिको प्रयोगमार्फत नोट परीक्षण प्रणालीलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

जिल्ला प्रहरी कार्यालयले

**-बाँकी अन्तिम पेजमा**

## मधेशमा आचारसंहिता कागजमै सीमित, दलहरूद्वारा खुला उल्लंघन जारी



**राहुल राय**

सिरहा, १४ फाल्गुन। मधेश प्रदेशमा निर्वाचन आचारसंहिताको उल्लंघन रोकिएको छैन। निर्वाचन नजिकिँदै जाँदा सार्वजनिक स्थलहरू पार्टीका झण्डा, ब्यानर र पोस्टरले झिलिमिली बनाइएका छन्। निर्वाचन आयोगले तडक-भडक, बाजा-गाजा तथा सार्वजनिक स्थानमा पार्टीका झण्डा झुन्ड्याउन नपाइने स्पष्ट निर्देशन जारी गरे पनि अधिकांश दलहरूले त्यसलाई बेवास्ता गर्दै खुला चुनौती दिइरहेका छन्।

शहरका मुख्य चोक बजार क्षेत्र

**-बाँकी दुई पेजमा**

## सिरहामा फागुन १७ देखि निर्वाचन सम्पन्न नहुँदासम्म मदिरा बिक्री र सेवन निषेध

**विनय आजाद**

सिरहा, १४ फाल्गुन। जिल्ला प्रशासन कार्यालय, सिरहाले प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै फागुन १७ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्मका लागि मदिरा बिक्री तथा सेवन निषेध गरेको छ। निर्वाचन स्वच्छ, निष्पक्ष,




भयमुक्त र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न प्रशासनले जिल्लाभर सार्वजनिक स्थानमा मदिराको बिक्रीवितरण तथा सेवनलाई पूर्ण निषेध गरेको हो। यसलाई कसैले बेवास्ता गरेको भेटिए प्रचलित कानुन बमोजिम कारबाही हुने पनि प्रशासनले जनाएको छ। प्रतिनिधिसभा चुनाव यही फागुन २१ गते देशभर हुँदैछ।

## सिरहा-२ : सधैँका चुनावमा व्यवस्थित विद्यालय र अस्पताल माग्ने एक दलित बस्ती

### शिवनगरवासी माग राखिरहन्छन्, नेताहरू आश्वासनमै काम चलाइराख्छन्

**सुरेश राय**

सिरहा, १४ फाल्गुन। हरेक पटक जब चुनाव आउँछ। नेताहरू बस्ती पस्न थाल्छन्, हात जोड्छन्, मीठा भाषण गर्छन्, विकासका सपना बाँड्छन् र भोट माग्छन्। चुनाव जितेपछि नेता पनि हराउँछन्। नेता नै हराएपछि विकास आउँदैन्, नेताका बाचा स्मृतिबाट हराउँदै जान्छन्, विस्तारै जनताले देखेका सपना पनि धमिलिँदै जान्छन्। यस्तै कथा सिरहा जिल्लाको सुखीपुर नगरपालिका-१ स्थित शिवनगर गाउँको पनि छ। सिरहा क्षेत्र



नम्बर-२ मा पर्ने शिवनगर गाउँमा सधैँका चुनावमा यही कथाको पुनरावृत्ति भइरहन्छ।

शिवनगर गाउँका बासिन्दालाई उम्मेदवार र नेताले हरेक चुनावमा आशा देखाउँछन्, मतदाता त्यही आशा बोकेर मतदान गर्छन्। तर चुनाव

**-बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं।

- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं।
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं।
- गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं।
- बच्चा जन्मनेवित्तिकै बिगौति दुध खुवाऔं।
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## प्रतिवेदन छिटै सार्वजनिक गरी कार्यान्वयन गर !

भदौ २३ र २४ का घटनाहरूको छानबिन गरी कारबाही सिफारिस गर्न गठित न्यायिक छानबिन आयोगले अन्ततः प्रतिनिधि सभाको निर्वाचनभन्दा पहिले प्रतिवेदन बुझाउने भएन। अब त अर्को सरकार गठन नहुँदासम्म आयोगले प्रतिवेदन बुझाए पनि कार्यान्वयनको सम्भवना भिनो देखिन्छ। सम्भवतः यही देखेर आफूलाई जेन–जी आन्दोलनका प्रतिनिधि दाबी गर्नेहरूले विज्ञप्ति नै प्रकाशित गरी न्यायिक छानबिन आयोगको प्रतिवेदन चुनाव सकिएको भोलिपल्टै सार्वजनिक गरी कार्यान्वयन गर्न माग गरेका होलान्। जेन–जी जनआन्दोलनका प्रतिनिधिका नामबाट बुधवार जारी विज्ञप्तिमा आयोगको म्याद फागुन २२ पछि थप नगरी प्रतिवेदन सार्वजनिक र कार्यान्वयन गर्न माग गरिएको छ।

चुनावपछि गठन हुने कस्तो सरकार गठन होला भनेर अहिले नै किटान गर्न त सकिँदैन तर मूलतः भदौ २४ को विध्वंसलाई २३ को दमनको प्रतिक्रिया ठान्ने र नियोजित षड्यन्त्र मान्ने स्पष्ट दुई धार चुनावमा भिडिरहेका देखिन्छन्। भदौ २३ र २४ दुवैलाई अतिवादी दृष्टिबाट नहेर्ने पक्ष पनि चुनावमा छ। छानबिन प्रतिवेदन समग्रतामा तयार गरिएको भए त्यसमा भदौ २३ गते भएको बल प्रयोगका दोषीका साथै भदौ २४ को विध्वंसकारीहरू र तिनको योजनाकार पनि किटान गरी कारबाही सिफारिस गरिएको हुनुपर्छ। त्यस अवस्थामा अहिले चुनावमा उमेदवार भएकाहरूमध्ये पनि कतिपय कारबाहीभागी हुनसक्ने सम्भावनालाई समेत पन्छाउन मिल्दैन। पक्कै पनि चुनाव लगत्तै निर्वाचित प्रतिनिधिलाई कारबाही गर्नुपर्ने वा पराजित उमेदवारमाथि कानुनी कारबाही हुने अवस्था वाञ्छनीय होइन। न्यायिक आयोगले सुरुमा दिइएकै म्यादमा काम सकेको भए अहिलेको असजिलो अवस्था उत्पन्न हुने पनि थिएन। नेतृत्व नै सुरुमा विवादमा परेकाले पनि जाँचबुझ आयोगले प्रभावकारीरूपमा काम गर्न नसकेको हुनुपर्छ। यस आयोगको प्रतिवेदनको नियति पनि विगतका अरू महत्त्वपूर्ण छानबिन आयोगहरूकै जस्तो भयो भने त्यसको दोष आयोग र आयोग गठन गर्ने सरकारलाई पनि जान्छ। पूर्वप्रधान न्यायाधीशको नेतृत्वमा आन्दोलनकारीहरूको सिफारिसमा गठित सरकारले पनि न्याय दिलाउन नसके आन्दोलनकारीमात्र होइन अब यस्तो विध्वंस कहिल्यै नहोस् भनेर प्रार्थना गर्ने नागरिकहरू पनि निराश हुनेछन्।

सम्भवतः प्रतिनिधि सभाको निर्वाचन परिणाम सार्वजनिक हुन थालेपछि वर्तमान सरकारले शान्ति सुरक्षा खलबलिन सक्ने प्रकृतिको निर्णय पक्कै गर्नेछैन। चुनावपछि बन्ने सरकारले प्रतिवेदन सार्वजनिक र कार्यान्वयन गर्ने अप्ठेरो बाटो रोज्न हिचकिचाउन सक्छ। अर्थात्, यसको नियति पनि दराजमा थन्किएर धुलिने हुनसक्छ। यसैले आफूलाई जेन–जी आन्दोलनकारीका प्रतिनिधि दाबी गर्नेलगायत भदौ २३ र २४ मा भएको दमन तथा विध्वंसका अपराधीमाथि कानुनबमोजिम कारबाही होस् भन्ने चाहने न्यायप्रेमी नागरिकहरूले पनि सरकारमाथि दबाब दिइरहनुपर्छ। नबिर्सौं, लोकतन्त्रमा चुनावसँगै विधिको शासन पनि अपरिहार्य हुन्छ।

### मधेशमा...

सरकारी कार्यालय वरपर र सडक किनारमा दलका प्रचार सामग्री टाँसिएका देखिन्छन्। कतिपय स्थानमा सरकारी संरचना र सार्वजनिक सम्पत्तिमै पार्टीका झण्डा गाडिएको पाइएको छ। यसले आचारसंहिताको ठाडो उल्लंघन मात्र नभई राज्य संयन्त्रप्रतिको असम्मान पनि झल्काएको स्थानीय बासिन्दाहरूको भनाइ छ। निर्वाचन आयोगले निष्पक्ष र मर्यादित चुनावका लागि आचारसंहिता लागू गरे पनि त्यसको प्रभावकारी कार्यान्वयनमा कमजोरी देखिएको छ। आयोगले अनुगमन टोली खटाएको दाबी गरे पनि मैदानमा भने दलहरू मनोमानी ढंगले प्रचारप्रसारमा उत्रिएका छन्। निर्वाचन आउँदा नियम सम्झने, जितेपछि बिर्सिने प्रवृत्ति फेरि दोहोरिएको छ एक स्थानीय नागरिकले गुनासो गरे।

विशेषगरी ठूला दलहरू नै नियम मिच्न अग्रसर देखिएका छन्। शक्ति प्रदर्शनका नाममा मोटरसाइकल र्‍याली भीडभाडयुक्त सभा र ध्वनि प्रदूषण हुने गरी बाजा–गाजा प्रयोग गरिँदै आएको छ। यसले सर्वसाधारणलाई असहज मात्र बनाएको छैन चुनावी वातावरणलाई पनि अस्वस्थ बनाएको छ। राजनीतिक विश्लेषकहरूका अनुसार आचारसंहिता पालनामा दलहरू गम्भीर नहुँदा लोकतान्त्रिक मूल्य–मान्यतामाथि नै प्रश्न उठ्ने गरेको छ। कानुन सबैका लागि समान हुनुपर्ने भए पनि व्यवहारमा भने शक्तिशालीका लागि छुट र सामान्य नागरिकका लागि कठोरता देखिनु चिन्ताको विषय बनेको छ।

स्थानीय बुद्धिजीवीहरूले आयोगलाई कडाइका साथ अनुगमन गरी उल्लंघन गर्ने दल र उम्मेदवारमाथि कारबाही गर्न आग्रह गरेका छन्। कानुन उल्लंघन गरेर प्राप्त जितले लोकतन्त्र बलियो हुँदैन, उनीहरूको भनाइ छ।

# फेरिएको चुनावी शैली, छैन भाषणबाजी र सभा, शीर्ष नेता निर्वाचन क्षेत्रमै रोकिए




**प्रदीपराज दाहाल**

काठमाडौं, १४ फाल्गुन। पहिले पहिलेको चुनाव सम्झनुहोस् त ? बागबजारमा झण्डा, पम्प्लेट, ब्यानर छाप्न रातदिन मेसिन कराउँथे। छापाखानालाई दसैं नै लाग्थ्यो। टोलटोलमा माइकिङ, गल्लीगल्ली जुलुस, चोकचोकमा आमसभा। नेता आउँदा सडक जाम, भाषणमा चर्का आश्वासन, भीडमा ताली। शक्ति प्रदर्शन नै चुनावको आत्मा जस्तो थियो।

**तर अहिले ?**

झण्डा छाप्ने मेसिन कराउँदैनन्। पम्प्लेटको गन्ध हराएका छन्। बाटाभरि उम्मेदवारको वाचा लेखिएको कागज भेटिन छाडे। उम्मेदवारहरू डिजिटल भएका छन्। फेसबुक लाइभ, टिकटक क्लिप, इन्स्टाग्राम रील। 'घरदैलो' भन्दा धेरै 'टाइमलाइन' मा भेटिन्छन्। भोट माग्ने शैली फेरिएको छ। भीडको सट्टा भ्यू। जुलुसको सट्टा कमेन्ट। साउती खेल्नुपरेपनि कमेन्ट नै बनेको छ। पुराना भनिएका दलको प्रचार शान्त देखिँदा देशदौडाह गरिरहेको प्रदेशको राजधानी र मुख्य शहरमा चुनाव गरेर पुराना दललाई दस्तक दिइरहेको रास्वपा मात्रै हो। कांग्रेसको केही हदसम्म सभा सुनिएपनि नेकपा, नेकपा एमाले लगायतका दल कता छन् जस्तो देखिँदा यो पटकको चुनाव र परिणाम रोचक नै होला जस्तो देखिन थालेको छ।

हुँदा हुँदा निर्वाचन आयोगले चुनाव चिह्नको भौतिक स्वरूप बोकेर हिंड्न रोक लगाइदिएको छ। खासगरी राष्ट्रिय स्वतन्त्र पार्टीको घण्टी बोकेर हिंड्न अब रोक लाग्यो। हुन त आयोगले कसैलाई नामै लिएर भनेको त छैन। तर चुनाव चिह्नको भौतिक स्वरुप घण्टी बोकेर सडकमा हिंडेको देखिन्थ्यो भने त्यो रास्वपा नै हो। अब घण्टी टिनिटिनी सडकमा होइन, स्पिकर र डिजिटल प्लेटफर्ममा मात्रै बज्नेछ।

हुन पनि आयोगले दिएको चुनाव चिह्नको भौतिक रूप बोकेर हिंड्न पाइयो भने सूर्यदेखि रुख, तारा, हलो, छाता, मोबाइल, लाउडस्पिकर, तरबार, हँसिया, सिरिञ्ज–सबै सडकमा देखिन्थे। त्यसैले रोकियो होला। तर राजनीतिक अर्थ के लाग्यो ? कतिपयले भने–घण्टीले अरूको दिमागमै टिनिटिनी बजाइदियो, त्यसैले रोकियो। जेनजी आन्दोलनपछि बनेको नयाँ माहोलले पनि चुनावको चरित्र फेरिदियो। शीर्ष नेताहरू देश दौडाहामा होइन, आफ्नै क्षेत्रमा थुनिएका छन्। कसैले भन्छ–दलहरू खुम्चिए। कसैले भन्छ–डराए। जे होस्, यसपटक चुनाव 'गज्जब' छ।

**झापा–५ : ओलीको घामको ताप कि घण्टीको टिनिटिनी ?**

सबैभन्दा चासोको केन्द्र बनेको छ झापा–५। यहाँ आमने–सामने छन् केपी शर्मा ओली र बालेन्द्र शाह। विगतमा निर्धक्क देश दौडाहा गर्ने ओली यसपटक आफ्नै क्षेत्रमा जरा गाडेर बसेका छन्। मनोनयनपछि एक दुई पटक पुगेर फर्किने शैली हरायो। अब त घर–घर पुगेर मत माग्नुपर्ने बाध्यता आइ लाग्यो। २०२८ सालको झापा विद्रोहबाट उचाइ लिएका नेता २०८२ मा आइपुग्दा राजनीतिक विदाइको संघारमा छन् कि भन्ने प्रश्न उठेको छ।

जेनजी आन्दोलनपछि सत्ताच्युत भएका ओलीसँग नयाँ पुस्ताको आक्रोश छ। बालेनले त्यही आक्रोशलाई ऊर्जा बनाएर झापा टेक्दा ओली पहिलो पटक असहज देखिएका छन्। एमालेभित्रकै असन्तुष्ट कार्यकर्ता घण्टीतिर ढल्किन थालेपछि ओलीले रणनीति बदलेका हुन्। अब उनी बौद्धिक वर्ग, युवा, विद्यार्थी, रिक्सा चालक, शुभेच्छुक– सबैलाई भेटिरहेका छन्।

सर्वेक्षण हेरेर अनिश्चित मतदाता पहिचान, असन्तुष्टलाई 'कन्भिन्स' गर्ने अभियानमा छन्। चुनावी कमाण्डरहरू भन्छन भ्रम चिरेका छौं। माहोल फर्किएको छ। ३७ हजारको आधार मत सुरक्षित छ। ४०/४२ हजार पुग्छौं। तर स्थानीय मतदाता भन्छन ओली २०४८ पछि यति धेरै झापामा देखिएका थिएनन्। २०६४ मा माओवादी लहर हुँदा पनि यस्तो दौडधुप थिएन। अहिले घरघर पुग्नु दबाबको संकेत होइन ?

उता बालेन पनि निश्चिन्त छैनन्। सुरुमा उत्साहजनक माहोल थियो। तर एमालेले विस्तारै प्रभाव बढायो। त्यसैले देश दौडाहा रोकेर झापा केन्द्रित भएका छन्। उनको रणनीति फरक–लामो भाषण होइन, सानो टिम, घरदैलो, मतदाताको कुरा सुन्ने भएको छ। रास्वपाका उम्मेदवारहरू देशभर बालेन–रवि पुगून् भन्ने चाहन्छन्। तर बालेन आफ्नै क्षेत्रमा अडिएका छन्। ओलीले ४२ बुँदे प्रतिबद्धता पहिल्यै सार्वजनिक गरिसकेपछि बल्ल सोमबार बालेनले झापा ५ वासीका लागि प्रतिबद्धता पत्र सार्वजनिक गरे।

मुख्यतया उनले सुकुम्बासीको मन जित्ने प्रयाससहित ९ प्रतिबद्धता जनाएका छन्।

– 'राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्र २०८२ : थिति बसाल्ने संकल्प 'कार्यान्वयनको नेतृत्व गर्नेछु।

– नेपालको संविधानले सुनिश्चित गरेका गाँस, आवास, स्वास्थ्य, शिक्षा, खानेपानी, रोजगारी, सामाजिक सुरक्षा र स्वच्छ वातावरणजस्ता आधारभूत आवश्यकता सबै नागरिकसम्म व्यावहारिक रूपमा पुर्‍याउन आवश्यक कानुन, बजेट र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नेछु।

- राष्ट्रहितविपरीत कुनै पनि सम्झौता गर्ने छैन।
- सार्वजनिक सेवालाई चुस्तदुरुस्त बनाउन प्रभावकारी भूमिका निर्वाह गर्नेछु।
- विकाससँगै प्रकृति संरक्षणमा विशेष ध्यान दिनेछु।
- झापा क्षेत्र नं. ५ मा व्यवस्थित संसद् सचिवालय स्थापना गरी स्थानीय सरोकारलाई सम्बोधन गर्नेछु।
- राजनीतिलाई पेसा होइन, सेवा बनाउनेछु।
- मतमा अभिव्यक्त नागरिकको विश्वासलाई काममा रूपान्तरण गर्नेछु।
- मेरो राजनीति सेवा, इमानदारिता र परिणाममा आधारित हुनेछ।

यो केवल चुनाव होइन। प्रतिष्ठाको लडाइँ हो। ओली आरोप लगाउँछन बालेनले आन्दोलन गराए, सिंहदरबार जलाए। बालेन आरोप लगाउँछन ओलीले गोली चलाउन आदेश दिए। जाँचबुझ आयोग प्रतिवेदन तयार गर्दैछ, तर चुनावअघि सार्वजनिक नहुने। झापा–५ अहिले दुई ध्रुवमा बाँडिएको छ। बालेननिकटहरू भन्छन सबै पुराना दल एकजुट भएर रोक्ने खेल हुन सक्छ। नतिजा जे होस्, एउटा कुरा स्पष्ट छ, यसपटक ओलीलाई पनि डर छ, बालेनलाई पनि त्रास।

**सर्लाही ४ : गगन थापा**

मधेसतिर फर्कौं। काठमाडौं ४ को सहज जित छोडेर सभापति गगन थापा पनि सर्लाही झरेका छन्। उनको प्रतिस्पर्धी रास्वपा प्रवेश गरेका पूर्वकांग्रेस नेता अमरेशकुमार सिंह हुन्। गत चुनावमा स्वतन्त्र उठेर विजयी भएका अमरेशले थापालाई चुनौती दिँदैछन्। पहिलो पटक रिस्क जोनमा छिरेका गगन सर्लाही र काठमाडौं गरिरहेकै छन्। उनलाई पनि गाह्रो देखिएको छ। भलै नयाँ कांग्रेस भन्दै उनले चर्चा गरिरहेपनि विशेष महाधिवेशनपक्षसँग असन्तुष्ट प्रतिनिधि र नेताहरूबाट असहयोग हुने आकलन छ। त्यसैले उनी हप्ता दुई दिन काठमाडौं बसेर बाँकी दिन सर्लाही पुग्ने गरेका छन्।

**रुकुमपूर्वमा प्रचण्ड**

अहिलेसम्म अन्य पूर्वप्रधानमन्त्रीमध्ये केही ढुक्क प्रचण्ड देखिन्छन्। जनयुद्धको आधार इलाका भन्दै उनी यो पटक रुकुमपूर्वबाट चुनाव लड्दैछन्। उनी पनि अहिले गाउँगाउँ डुल्न व्यस्त छन्। वडा पुग्छन्। मतदातालाई भेट्छन्। ठूलो सभा र सम्मेलन पनि नेकपाले गरेको छैन। बाम घटकलाई मिलाएर नेकपा बनाएका प्रचण्ड अहिले त्यही बाम शक्तिले जिताउने आशमा छन्। तर उनलाई पनि काउन्टर दिन जनयुद्धको आधारभूमि मानिने रुकुममै शहीदपुत्र चुनावी मैदानमा उत्रिएका छन्। प्रगतिशील लोकतान्त्रिक पार्टी ( प्रलोपा) बाट सन्दीप पुन उम्मेदवार छन्। उनी पूर्व माओवादी लडाकु हुन्। उनी यतिबेला पूर्वकमाण्डरसँग नै भिड्दैछन्। द्वन्द्वकालीन माओवादी नेता सूर्यप्रकाश पुन 'सुन्दर' र परम्परा गौतम 'वृक्षा'का पुत्र हुन् दुवैले जनयुद्धका क्रममा सहादत प्राप्त गरेका थिए। शहीदपुत्रका रूपमा सन्दीपको उम्मेदवारीलाई भावनात्मक र प्रतीकात्मक रूपमा हेरिएको छ। हरेक चुनावमा सुरक्षित क्षेत्र खोज्दै सर्ने प्रचण्डका लागि यसपटक त्यति सहज छैन। प्रचण्ड आफ्नी छोरी रेनु दाहालले उम्मेदवारी दिएको क्षेत्र चितवन ३ मा समेत पुगेका छैनन्। यसअघि उनी आफ्नो निर्वाचन क्षेत्रमा कम अन्य उम्मेदवारलाई जिताउन लागिपर्थे।

**रौतहटमा माधव नेपाल**

रौतहट १ बाट माधवकुमार नेपाल गत चुनावमा निर्वाचित हुँदा एमाले नेता अजय गुप्ता मुख्य प्रतिद्वन्द्वी थिए। अनिल कुमार झा २०७४ सालमा क्षेत्र नम्बर १ बाट उम्मेदवार भएर निर्वाचित हुँदा अहिले मनोनयन दिँदा नेपाली कांग्रेस अहिलेका मधेस प्रदेश सभापति एवं मुख्यमन्त्री कृष्णप्रसाद यादव पराजित भएका थिए। त्यस बखत गुप्ता लोसपा पार्टीबाट गौरको मेयर निर्वाचित भएका थिए। रास्वपाका राजेश चौधरी जिल्लाको निर्वाचनमा पुरानै अनुहार हुन्। तर यो पटक परिवर्तन खोजिरहेका मतदाताको भिडमा माधव नेपाललाई पनि जित सहज छैन। त्यसैले पनि उनी रौतहटमै अडा जमाएर बसेका छन्।

**महोत्तरी–३ : महन्थलाई छोरीको पीर**

महोत्तरी–३ मा संरक्षकबाट पिता बनेका छन् महन्थ ठाकुर। आफू राष्ट्रिय सभा पुगेपछि उनले छोरी डा. मीनाक्षी झालाई उम्मेदवार बनाएका छन्। ८० वर्ष कटेका ठाकुर जलेश्वरको होटलमा डेरा जमाएर छोरीको माहोल बनाइरहेका छन्। स्वास्थ्यले साथ नदिए पनि भेटघाट, रणनीति, सन्देश–सबै त्यहीँबाट गर्दैछन्। यहाँ आरोप फरक

–बाँकी तीन पेजमा

## फेरिएको चुनावी...

प्रकृतिको छ–वंशवाद। 'छोरी भएकै भरमा टिकट' भन्ने असन्तुष्टि छ। जसपाकै नेता हरिनारायण यादव स्वतन्त्र उठे। एमालेबाट टिकट नपाएपछि रामआधार कापर स्वतन्त्र उठे।

**काठमाडौं ३ कुलमान घिसिङ**

जेनजी आन्दोलनपछि कुलमान घिसिङको नेतृत्वमा खुलेको पार्टी हो, उज्यालो नेपाल। रास्वपासँग सहमति गर्दा यो पार्टीले समानुपातिक बन्दसूचीमा नाम पठाउन सकेन। भएका कतिपय उम्मेदवार सहमति टुटेसँगै रास्वपामै बसे। लगत्तै प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयनमा उज्यालो नेपालले सबै निर्वाचन क्षेत्रमा उम्मेदवार उठाउन सकेन। यस्तोमा पार्टीको चर्चा कम छ। त्यसो हुनमा कुलमान नै मुख्य कारण हुन्। उनी पनि काठमाडौं ३ भन्दा बाहिर निस्कन पाएका छैनन्। यहाँ उनको प्रतिद्वन्द्वी रास्वपाका राजु पाण्डे देखिएका छन्। जे होस्, एउटा कुरा त पक्का छ। यसपटक चुनाव 'गज्जब' छ। शीर्ष नेताहरू आफ्नै आँगनमा परीक्षा दिइरहेका छन्। डिजिटल घण्टी बजिरहेको छ, सूर्य घरदैलो डुलिरहेको छ, मधेसमा विरासतको खेल छ। अब बाँकी छ–मतदानको दिन। अनि फैसला। नेपाललिडबाट

## सिरहा–२ :...

सकिएपछि उनीहरू फेरि आफ्नै समस्या बोकेर बस्न बाध्य भइरहन्छन्। शिवनगरमा १२५ परिवार दलित समुदायको बसोबास छ। उनीहरूले हरेक चुनावमा माग्ने दुई वटा माग मात्रै छन्। एक– बालबालिका पढाउन व्यवस्थित विद्यालय र दुई– नजिकै अस्पताल। उसो त शिवनगर गाउँका समस्या शिक्षा र स्वास्थ्यसँग जोडिएका मात्रै छैनन्। सडक र खानेपानीका विषयमा पनि हरेकजसो निर्वाचनमा उम्मेदवारहरूले वचन दिएर भोट माग्छन्।

'हाम्रो माग नजिकै व्यवस्थित विद्यालय र अस्पताल हो,' शिवनगरकी स्थानीयवासी श्रीवती मोचीले भनिन्, 'भएको एक आधारभूत विद्यालयमा राम्रो भवन छैन। न अन्य व्यवस्थापन राम्रो छ। नजिक सरकारी अस्पताल छैन।' शिवनगरको उत्तरवारीमा आधारभूत विद्यालय छ। जसको भौतिक अवस्था एकदमै नाजुक छ। सुखीपुर–१ कै कमलपुरमा जनता माध्यामिक विद्यालय छ। त्यहाँ पुग्न ससाना बालबालिकालाई गाह्रो हुने स्थानीयवासीको गुनासो छ। यहाँका पुरुष सबैजसो वैदेशिक रोजगारमा गएका छन्। 'यहाँ रोजगारी नभएपछि श्रीमान् र छोरा विदेश गएका छन्। उताबाट पठाएको पैसाले घर चल्छ। कम्तीमा नातिनतिनाले पढ्न पाए, हामीले उपचार पाए खुसी हुन्थ्यौं,' रामले भनिन्। स्थानीय हरिनारायण राम भने दलितलाई नेताले भोट बैंकमात्रै बनाएर राखेको भन्दै आक्रोश पोख्छन्। 'वर्षौं देखि हामी भोट बैंक मात्रै हुने क्रम दोहोरिँदै आएको छ। हाम्रो अवस्था सुधि एको छैन,' उनले भने। अब निर्वाचनका गरिएका नेताका भाषण पत्याउने दिन गएको पनि उनले बताए।

# जल संकटमा समग्र मधेश

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १४ फाल्गुन। आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि राजनीतिक दलले घोषणापत्रमार्फत समग्र विकासका लागि आकर्षक प्रतिबद्धता व्यक्त गरेका छन्। ती प्रतिबद्धतामा मधेश प्रदेशको प्रमुख समस्याबारे स्पष्ट रूपमा उल्लेख गरिएको छैन। पछिल्लो वर्षमा मधेश प्रदेशमा जल संकट प्रमुख समस्या बनेको छ। विगतदेखि नै दलले मधेशलाई अन्नको भण्डार बनाउने, कृषि क्रान्ति ल्याउने र मधेशले देशलाई खुवाउने जस्ता आकर्षक नारा दिँदै आएका छन् तर मधेश प्रदेश दिनप्रतिदिन गहिरिँदो जल संकटको चपेटामा पर्दै आएको छ। गत वर्ष संघीय सरकारले मधेशका भूभागलाई सुक्खा संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो।

**जल सतहको अवस्था**

जहिल्यै ३० फिटदेखि एक सय फिटमुनिसम्म चापाकलबाट सहजै पानी आउने मधेशको भूमिमा अहिले चार सयदेखि पाँच सय फिट गहिराइसम्म चापाकलको लेयर (पानीको सतह) भेटिने गरेको सप्तरीको रुपनी गाउँपालिका निवासी चापाकल मिस्त्री पुलकित यादवले बताउनुभयो। यता महोत्तरी जिल्लास्थित औरही नगरपालिका–३ का कृषक मतदाता जगदीश साहले खानेपानीको स्रोत सुक्दै जाँदा कृषि उत्पादनमा प्रत्यक्ष असर परेको बताउनुभयो।

आर्थिक राजधानीका रूपमा चिनिने वीरगन्जमा गत वर्ष गर्मीयाम सुरु हुनासाथ खानेपानीको हाहाकार मच्चियो। टोल टोलमा ट्याङ्करमार्फत पानी वितरण गर्न स्थानीय, प्रदेश र संघीय सरकार सक्रिय हुनु परेको थियो। केही वर्षअघिदेखि नै पर्सा, धनुषा, सप्तरी, सर्लाही,



महोत्तरीलगायतका मधेशका जिल्लाका विभिन्न स्थानमा यस्तै समस्या दोहोरिँदै आएको छ। पर्यावरण अभियानकर्ता सुरेश शर्माले चुरे क्षेत्रको अन्धाधुन्ध दोहन, वन विनाश र भू–पुनर्भरण (रिचार्ज) प्रणालीको अभावलाई जल सङ्कटको मुख्य कारण रहेको बताउनुभयो। गर्मीयाम सुरु हुनेबित्तिकै धनुषा, महोत्तरी, सर्लाही, पर्सालगायत जिल्लामा खानेपानीको चरम अभाव देखिने गरेको शर्माले बताउनुभयो।

गर्मीयाममा मधेशका उत्तरी र मध्यभाग तथा जिल्लाका सहरमा चैत महिनाबाट पानीको काकाकुल हुने गरेको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय मधेश प्रदेशका निमित्त सचिव रामकुमार खंगले बताउनुभयो। उहाँले चैत महिनाको अन्तिम सातादेखि मधेशमा पानीको सतह औसतमा तीन फिटसम्म घट्ने गरेको जानकारी दिनुभयो। राजनीतिक दलको निर्वाचन घोषणापत्र, वाचापत्र, प्रतिज्ञापत्रमा कृषि आधुनिकीकरण, सिँचाइ विस्तार र जलस्रोत व्यवस्थापनका योजना उल्लेख गरे पनि दिगो जल व्यवस्थापनका ठोस कार्यक्रम भने कार्यान्वयनमा आउन नसकेको राजनीतिक विश्लेषक अर्थविद् प्राडा भोगेन्द्र झाले बताउनुभयो।

**गौरवका आयोजना**

विगत सात वर्षदेखि निर्माणाधीन जनकपुरधाम उपमहानगरपालिका–१४, रजौलस्थित रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशाला अहिलेको दलको चुनावी घोषणामा परेको भेटिएन। दलमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीले सात वटै प्रदेशका अन्तर्राष्ट्रिय रंगशाला निर्माण गर्ने घोषणापत्रमा राखेको छ। यस्तै मधेशको मेरुदण्डका रूपमा रहेको हुलाकी सडकको धनुषा र सिरहा जोड्ने पूर्वाधार आयोजना अन्तर्गतको कमला पुल पनि हो। जुन विगत १४ वर्षदेखि अधुरो अवस्थामा छ। जसले गर्दा हुलाकी सडकको बाटो पार गर्ने नागरिकलाई लामो दुरी पार गर्न बाध्य बनाएको छ भने बर्सातमा त्यो पुल प्रयोग गर्नेले सास्ती भोग्दै आएको स्थानीय सोभित महतोको भनाइ छ। यसै गरी मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित जानकी मन्दिरलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउनका लागि विश्व सम्पदा सूचीमा सूचीकृत गराउन १२ वर्षदेखि स्थानीय स्तरमा आवाज उठ्दै आएका छन्। भोर संस्थाको नेतृत्वमा स्वदेशी विदेशी पर्यटक भित्र्याएर पर्यटन प्रवर्धनमा टेवा पुग्ने विश्वासका साथ विश्व सम्पदामा सूचीकरणका लागि पहल गर्दै आएको संस्थाका अध्यक्ष तथा जानकी मन्दिर विश्वसम्पदा सूचीका अभियानी राजकुमार महतोले बताउनुभयो।

**मानव विकास सूचाङ्कमा पछाडि**

दलहरूले प्रत्येक निर्वाचनमा शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, पर्यटन र पूर्वाधार विकास निर्माणमा प्रतिबद्धता जनाउँदै आएका छन्। दलहरूको प्रतिबद्धता अनुसार काम नहुँदा शिक्षामा खासै सुधार भएको तथ्याङ्कमा देखिएन। मानव विकास सूचाङ्कमा मधेशको साक्षरता दर एकदमै कमजोर अवस्थामा रहेको छ। मानव विकास सूचाङ्कमा मधेश ०.४२१ प्रतिशतमा रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशमा साक्षरता करिब १५ प्रतिशतले उक्लिए पनि सातै प्रदेशमध्ये सबैभन्दा कम रहेको छ। मधेशका आठ जिल्लाका साक्षरता दर ४८.५४ प्रतिशतबाट फड्को मार्दै ६३.५ प्रतिशत पुगेपछि सबैभन्दा कम नै रहेको देखिन्छ।

सबैभन्दा कम साक्षरता भएका मधेश प्रदेशकै चार वटा जिल्ला रौतहट, महोत्तरी, सर्लाही र बारा रहेका छन्। जनगणनाको तथ्याङ्क अनुसार रौतहटको ५७.७५, महोत्तरी ५९.७७, सर्लाही ६०.३१ र बाराको ६४.५४ प्रतिशत रहेको छ। धनुषा, सिराहा, सप्तरी र पर्सा साक्षरता दर यी जिल्लाबाहेक केही बढी छन्।

**उम्मेदवारको भनाइ**

मधेश प्रदेशको राजधानीसमेत रहेको धनुषा क्षेत्र नं. ३ का नेपाली कांग्रेसका प्रतिनिधि सभा सदस्यका उम्मेदवार विमलेन्द्र निधिले आफू यस क्षेत्रको प्राकृतिक उम्मेदवार भएको दाबी गर्दै आउनुभएको छ। उहाँ यसै क्षेत्रबाट निर्वाचित भएर पटक पटक मन्त्री तथा उपप्रधानमन्त्रीसमेत रहनुभएको थियो। उहाँले विगतमा यस क्षेत्रमा पूर्वाधार विकासका क्षेत्रमा उल्लेखनीय काम गरेको दाबी गर्नुभयो। उहाँले मधेशको जलसङ्कटलाई चुरे क्षेत्रसँग जोड्दै आफू निर्वाचित भएपछि चुरे संरक्षण, वृक्षारोपण, रेवाटर हार्भेस्टिङ तथा सिँचाइ सुलभ व्यवस्था गर्ने बताउनुभयो।

धनुषा निर्वाचन क्षेत्र नं. ३ नेकपा (एमाले) का उम्मेदवार जुलीकुमारी महतोले मधेश प्रदेशको दिगो विकास र जलपर्यावरण संरक्षणलाई केन्द्रमा राख्दै दीर्घकालीन योजना अघि सार्ने बताउनुभयो। उहाँले दीर्घकालीन रूपमा मरिन डाइभर्सनको पानी कमला नदी हुँदै मधेशमा ल्याउने योजना अघि बढाउनुका साथै मधेशका केही जिल्लामा कोशी नदीबाट सिँचाइ र खानेपानीको स्थायी व्यवस्था गर्ने दीर्घकालीन योजना तयार गरिने बताउनुभयो। जलवायु परिवर्तनका कारण मधेशमा बढ्दो बाढी, खडेरी र पानीको सङ्कटलाई ध्यानमा राख्दै प्रदेशलाई सुरक्षित राख्न समग्र दीर्घकालीन योजना निर्माण प्रतिबद्ध रहेको महतोले जानकारी दिनुभयो।

यसै गरी सोही क्षेत्रका राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार मनिष झाले पार्टीको घोषणापत्रमा वातावरणीय सुरक्षा, चुरे क्षेत्रको संरक्षण, ढुङ्गा, गिट्टी र बालुवाको अनियन्त्रित दोहन रोक्न, तराईका नदी ढुङ्गा गिट्टीले भरेर डुबानको जोखिम कम गर्न उल्लेख गरिएको बताउनुभयो।

# नेताको नजरमा नपरेको बस्ती, जहाँ पानी परेपछि विद्यालय बन्द हुन्छ

सिरहा, १४ फाल्गुन। सिरहा नगरपालिका–२१ लक्ष्मीनियाँ मलियाटोलमा रहेको जनता आधारभूत विद्यालय सामान्य वर्षामा पनि विद्यार्थीविहीन हुन्छ। विद्यालय पुग्न मैनावती खोलाको पूर्वी शाखा तरेर जानुपर्ने हुँदा वर्षामा विद्यार्थी विद्यालय पुग्न सक्दैनन्। खोलाको पश्चिमी किनारमै रहेको ५ कक्षासम्म अध्यापन हुने यस विद्यालयमा २९१ जना विद्यार्थीको नामाङ्कन छ, तर असार लागेपछि भने विद्यालय बन्दजस्तै हुने गरेको स्थानीयहरू बताउँछन्।

खोला तर्ने पुल नभएकै कारण बेला–बेलामा विद्यालयको पठन–पाठन प्रभावित हुने गरेको विद्यालयका प्रधानाध्यापक मो. अजमत अलि बताउँछन्। 'पानी पर्नेबित्तिकै विद्यालय अगाडि जम्छ। विद्यार्थी तर्न सक्दैनन्, कसरी विद्यालय आइपुग्नु ?' अलि अवस्थाबारे बताउँछन्।



विद्यार्थीमात्र हैन, लक्ष्मीनियाँ मलियाटोलका करिब २५० भन्दा बढी परिवारलाई सामान्य वर्षामा पनि खेत, हाटबजार जान मुस्किल हुनेगरेको उनी सुनाउँछन्। खोला तर्ने कुनै उपाय नभएकाले आफूहरू पानीमै हेलिएर हिँड्नुपर्ने बाध्यता रहेको स्थानीय सञ्जय कुमार गुप्ता पनि दुःखेसो गर्छन्।

'सामान्य पानी पर्दा पनि जम्ने भएकाले हामीले वर्षौंदेखि समस्या भोग्दै आएका छौं। पानीको उचित निकास नहुँदा जम्ने गरेकाले भन ठुलो समस्या हुने गरेको छ,' उनले भने, 'अहिले हिउँदमा पनि यहाँको बाटो हिलाम्य छ।'

स्थानीयले आफ्नै पहल र लगानीमा बाँसको पुल बनाएर आउजाउ गरे पनि ससाना बालबालिकालाई भने विद्यालय पुग्न र फर्किन नै समस्या हुने गरेको स्थानीय बताउँछन्। 'यो खोलामा पुल बनाउने आश्वासन र बाचा दिएर यस क्षेत्रबाट जितेका व्यक्तिहरू सांसद मन्त्री भए, तर हाम्रो समास्याको कुनै सुनवाई भएन,' स्थानीय राजकिशोर यादव भन्छन्, 'अघिल्ला निर्वाचनमा पनि यो पुल निर्माण गर्ने बाचा उम्मेदवारहरूले गरे, हार्नेहरू त फर्केर आउने कुरै भएन, जितेर गएकाहरूको पनि हामीले मुख देख्न पाएनौं।'

यो बस्ती अहिले सिरहा निर्वाचन क्षेत्र नम्बर ३ मा पर्छ। यहाँबाट लगातार दुई कार्यकाल २०७४ र २०७९ मा नेकपा एमालेका लीलानाथ श्रेष्ठ निर्वाचित भएका थिए। उनी दुई पटक मन्त्रीसमेत भए। यहाँका नगर प्रमुख पनि एमालेकै नविन कुमार यादव छन्। यस क्षेत्रबाट २०७० सालको निर्वाचनमा नेपाली कांग्रेसकी तत्कालीन कोषाध्यक्ष सीतादेवी यादव निर्वाचित भएकी थिइन्।

अहिले पनि यहाँ उम्मेदवारहरू घरदैलोमै छन्। उनीहरू गाउँ–गाउँ पुगेर आश्वासन बाँडिरहेका छन्। तर यसपटक भने मतदाता

# खुटी नहर सञ्चालन गर्न किसानको माग

**जीवछ यादव**

लहान, १४ फाल्गुन। प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा सिरहा निर्वाचन क्षेत्र नं. १ का किसानहरूले ऐतिहासिक खुटी नहर सञ्चालन गरिने विश्वसनीय प्रतिबद्धताको माग गरेका छन्। खुटी नहर सञ्चालनमा आए दक्षिणी भेगका ९३५ बिघा जग्गामा सिँचाइ पुग्ने लक्ष्यसहित लहान नगरपालिका-१० मा हेडवर्क्स निर्माण कार्य सम्पन्न भएको छ। बाँकी काम सम्पन्न गर्न घरदैलोमा आउने उम्मेदवारहरूसँग किसान मतदाताले विश्वसनीय प्रतिबद्धताको माग गरिरहेका छन्।



पटक-पटक प्रतिबद्धता गरिए पनि कहिल्यै पूरा नभएकाले खुटी नहर सञ्चालनका लागि यसपटक विश्वसनीय प्रतिबद्धता आवश्यक रहेको लहान नगरपालिका-२३ का रामविलास यादवले बताउनुभयो। रामविलास यादवजस्तै लहान नगरपालिका-२, ३, ११, १२, १९, २०, २१, २२ र २३ तथा सखुवानन्कारकट्टी गाउँपालिका र भगवानपुर गाउँपालिकाका किसानहरूले पनि उम्मेदवारसँग खुटी नहर सञ्चालनका लागि प्रतिबद्धता माग गरिरहेका छन्।

राणाकालीन प्रधानमन्त्री 'चन्द्र शमशेर जंगबहादुर राणा' को पालामा तटबन्ध निर्माण गरी सञ्चालन गरिएको खुटी नहर अलपत्र परेपछि बदलिँदो समयअनुसार आधुनिकीकरण गरेर सञ्चालन गर्नुपर्ने माग २०४६ सालयता हरेक निर्वाचनमा उठ्दै आएको छ। हरेक दलले किसानको माग पूरा गर्ने प्रतिबद्धता जनाए पनि अहिलेसम्म खेतमा सिँचाइका लागि पानी नपुगेकाले यसपटक विश्वसनीय प्रतिबद्धता खोजिएको लहान-२१ का भोरिल यादवले बताउनुभयो।

चार वर्षअघि लहान नगरपालिकाका पूर्वनगरप्रमुख मुनि साहको कार्यकालमा मधेश प्रदेशको सिँचाइ डिभिजन कार्यालयको पहलमा आठ करोड ७२ लाख रुपियाँ लागतमा लहान-१० मा नहरको पानी निकाल्न हेडवर्क्स निर्माण गरिएको थियो। हेडवर्क्स निर्माण भए पनि पुरानो नहर मर्मत र निकास व्यवस्थापनका लागि अझै ठूलो लगानी आवश्यक रहेको र यसतर्फ पर्याप्त पहल नभएकाले खुटी नहर सञ्चालनका लागि गत वर्ष छ महिनासम्म आन्दोलन गर्नुपरेको खुटी नहर संघर्ष समितिका संयोजक धर्मराज चौधरीले बताउनुभयो।

लहानको सहरी क्षेत्रबाट बग्ने नहरलाई ड्रेनका रूपमा प्रयोग गर्न ह्युमपाइप राखी फोहोर निकासी गर्ने उद्देश्यले करिब आठ करोड रुपियाँमा नगरपालिकाले ठेक्का आह्वान गरेपछि दक्षिण भेगका किसानहरूले विरोध गरेका थिए। त्यसपछि नगरपालिकाले उक्त योजना फिर्ता लिएको थियो। यसपटकको प्रतिनिधिसभा निर्वाचनमा खुटी नहर सञ्चालन गर्ने प्रतिबद्धता विभिन्न दलका उम्मेदवारहरूको घोषणापत्रमा प्राथमिकताका साथ समेटिएको छ। उम्मेदवारहरूले सहरी क्षेत्रको सौन्दर्यीकरण र ग्रामीण क्षेत्रका किसानलाई सिँचाइ सुविधा उपलब्ध गराउने गरी नहर सञ्चालन गर्ने बताएका छन्।

तर विगतका अनुभवका कारण अहिले किसानहरूले ठोस र विश्वसनीय आधार खोजिरहेको किसान अगुवा घुरन यादवले बताउनुभयो।

# मतदाताको गुनासो : विगतका प्रतिबद्धता पूरा भएनन्



**जीवछ यादव**

लहान, १४ फाल्गुन। निर्वाचन नजिकिँदै जाँदा मतदातालाई आफ्नो पक्षमा आश्वस्त बनाउन घरदैलोमा पुगेका नयाँ र पुराना दलका उम्मेदवारसँग मतदाताले फरक किसिमका प्रश्न सोध्न थालेका छन्। पटक-पटकका निर्वाचनमा व्यक्त गरिएका प्रतिबद्धताहरू किन पूरा भएनन् भन्ने प्रश्न मतदाताले पुराना दलका उम्मेदवारसँग गरिरहेका छन् भने नयाँ दलका उम्मेदवार पनि पुरानै जस्ता हुने हो कि भन्ने आशंका व्यक्त गरिरहेका छन्।

राजनीतिक परिवर्तनको चरण सकिएपछि पनि शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास र भ्रष्टाचार नियन्त्रणमा किन प्रभावकारी काम हुन सकेन भन्ने प्रश्न मतदाताले उठाइरहेको सिरहा-१ बाट नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार रामचन्द्र यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "पुराना दलका उम्मेदवारहरू पटक-पटक निर्वाचित हुँदा पनि किन काम हुन सकेन भन्ने प्रश्न मतदाताले गरिरहेका छन्। आफू २०५६ र २०७० सालमा निर्वाचित भएपछि गरेका प्रतिबद्धता र कामहरूको विवरण मतदातालाई बुझाउनुपर्ने अवस्था आएको छ। मतदाताले प्रश्न गर्नुलाई मैले सकारात्मक रूपमा लिएको छु। पुराना दलका उम्मेदवारका लागि यो निर्वाचन सच्चिने अवसर पनि हो।"

२०७९ सालमा निर्वाचित सिरहा-१ का प्रतिनिधिसभा सदस्य रामशंकर यादवले आफूले तीन वर्ष मात्र काम गर्ने अवसर पाएकाले सबै प्रतिबद्धता पूरा गर्न नसके पनि संसदमा क्षेत्रका समस्याहरू उठाएको भन्दै मतदाताका प्रश्नको जवाफ दिनुपरेको बताउनुभयो। उहाँले भन्नुभयो, "मतदातासँग पूरा गर्न सकिने प्रतिबद्धता मात्र गर्नुपर्छ। अनावश्यक आश्वासनभन्दा ठोस कामको अपेक्षा मतदाताले गरेका छन्।" यस क्षेत्रबाट नेपाली काङ्ग्रेसबाट दुई पटक पदमनारायण चौधरी र एक पटक स्वर्गीय प्रदीप गिरी निर्वाचित भएकाले उनीहरूले प्रतिबद्धताअनुसार के-कस्ता काम गरे भन्ने प्रश्न मतदाताबाट आइरहेको नेपाली काङ्ग्रेसका उम्मेदवार रामसुन्दर चौधरीले बताउनुभयो।

उहाँले भन्नुभयो, "२०४६ सालपछि आठौँ पटक हुन लागेको निर्वाचनमा मतदाता निकै सचेत भएका छन्। मतदाताले कामको सूची नै दिन थालेका छन्।" जनता समाजवादी पार्टी नेपालका उम्मेदवार सत्यनारायण यादवका अनुसार यसपटकको निर्वाचनमा कृषि, शिक्षा, स्वास्थ्य र आवासका विषयमा विगतका प्रतिबद्धता पूरा नभएको भन्दै मतदाताले स्पष्ट जवाफ मागिरहेका छन्। उहाँले भन्नुभयो, "मतदाताले 'तपाईंले प्रतिबद्धता पूरा गर्ने ग्यारेन्टी के छ?' भन्ने प्रश्न गरिरहेका छन्। यस्ता प्रश्नको स्पष्ट जवाफ दिँदै घरदैलो गर्नुपरेको छ।" मतदातामा आएको चेतनाले यसपटक सही मत प्रयोग हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

जनमत पार्टीका उम्मेदवार रामस्वरूप चौधरीले विगतमा निर्वाचित उम्मेदवारका कमजोरीका कारण नयाँ उम्मेदवारप्रति पनि मतदातामा शंका देखिएको बताउनुभयो। उहाँका अनुसार मतदाताले जो निर्वाचित भए पनि पछि फर्केर नआउने धारणा व्यक्त गर्ने गरेका छन्। मानवअधिकारकर्मी राजकुमार राउतले मतदाताले पुराना र नयाँ उम्मेदवारबारे व्यापक छलफल गरेर मतदान गर्ने अवस्था देखिएकाले लोकतन्त्र मजबुत हुँदै गएको बताउनुभयो। मुसहर समुदायका अगुवा तथा कानुन व्यवसायी रामसुफल सदायले यसपटक शिक्षा र चेतनाबाट टाढा मानिने मुसहर समुदाय पनि सचेत भएर मतदान गर्ने तयारीमा रहेको बताउनुभयो। उहाँका अनुसार मतदाताले गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, स्वदेशमै रोजगारी र भ्रष्टाचार अन्त्यसहितको सुशासनका पक्षमा मतदान गर्ने मनस्थिति बनाएका छन्। सिरहा-१ मा नेकपा एमाले, नेपाली काङ्ग्रेस, नेपाली कम्युनिस्ट पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीबीच प्रतिस्पर्धा देखिएको छ। मतदाताका प्रश्नका कारण चुनावी परिणाम अनुमान गर्न कठिन भए पनि नयाँ पुस्ताको आकर्षणका कारण परिणाम सोचेभन्दा फरक आउन सक्ने नागरिक अगुवा दिनेशकुमार यादवको भनाइ छ। उहाँका अनुसार यसपटकको निर्वाचन जातीय ध्रुवीकरणभन्दा देशको निकास र विकासमा केन्द्रित देखिएको छ।


## बिमालेख हराएको सूचना

२०८२ फाल्गुन ५ गते घर देखि सिरहा जाने क्रममा मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : सुमिता राय**
**ठेगाना : साविक बरियारपट्टी गा.वि.स.-५, सिरहा**
**हाल : बरियारपट्टी गा.पा.-३, सिरहा**
**बिमालेख नं. : २२००२२५४२**

## बिमालेख हराएको सूचना

२०८२ फाल्गुन ५ गते घर देखि सिरहा जाने क्रममा मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : सुमिता राय**
**ठेगाना : साविक बरियारपट्टी गा.वि.स.-५, सिरहा**
**हाल : बरियारपट्टी गा.पा.-३, सिरहा**
**बिमालेख नं. : २२००५११७९**

## बिमालेख हराएको सूचना

२०८२ फाल्गुन ५ गते घर देखि सिरहा जाने क्रममा मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : राज कुमार राय**
**ठेगाना : साविक बरियारपट्टी गा.वि.स.-५, सिरहा**
**हाल : बरियारपट्टी गा.पा.-३, सिरहा**
**बिमालेख नं. : २२००३९३९२**

## बिमालेख हराएको सूचना

२०८२ फाल्गुन ५ गते घर देखि सिरहा जाने क्रममा मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : राज कुमार राय**
**ठेगाना : साविक बरियारपट्टी गा.वि.स.-५, सिरहा**
**हाल : बरियारपट्टी गा.पा.-३, सिरहा**
**बिमालेख नं. : २२००२६२४६**

## बिमालेख हराएको सूचना

२०८२ फाल्गुन ५ गते घर देखि सिरहा जाने क्रममा मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : राज कुमार राय**
**ठेगाना : साविक बरियारपट्टी गा.वि.स.-५, सिरहा**
**हाल : बरियारपट्टी गा.पा.-३, सिरहा**
**बिमालेख नं. : २२००१३५०१**

## बिमालेख हराएको सूचना

२०८२ फाल्गुन ५ गते घर देखि सिरहा जाने क्रममा मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : राज कुमार राय**
**ठेगाना : साविक बरियारपट्टी गा.वि.स.-५, सिरहा**
**हाल : बरियारपट्टी गा.पा.-३, सिरहा**
**बिमालेख नं. : २२००२६०४५**


## जाली नोट ....

आगामी दिनमा विद्यालय, सहकारी संस्था तथा ग्रामीण क्षेत्रमा समेत यस्ता सचेतनामूलक कार्यक्रम विस्तार गर्ने जनाएको छ। जाली नोटको जोखिम न्यूनीकरणका लागि समुदाय र प्रहरीबीचको सहकार्य अपरिहार्य रहेकामा जोड दिइएको थियो। जाली मुद्रासम्बन्धी कसुरमा मुलुकी अपराधसंहिता, २०७४ को दफा २५६ अनुसार पाँचदेखि दश वर्षसम्म कैद तथा ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था रहेको जानकारी दिइएको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)